# भन्सारमा विद्युतीय भुक्तानी प्रणाली (E-Payment) कार्यान्वयन

**२०७८ माघ १२ गते**



नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं

## भन्सारमा विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न प्रयोग गर्न सकिने भुक्तानीका माध्यमहरु




## विद्युतीय भुक्तानीका लागि उपलब्ध विकल्पहरु




## भन्सारमा दाखिला गर्नुपर्ने राजस्व विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्रक्रिया

१. विद्युतीय भुक्तानी प्रयोग गर्न आफुलाई उपयुक्त उपकरण छनोट गरी त्यसमा Username र Password प्राप्त गर्ने। र त्यसमा आफ्नो बैङ्क खाता लिङ्क गरी बैङ्क शाखाबाट सो प्रमाणित गराउने।

२. भन्सारको राजस्व भुक्तानी गर्न तपाईंलाई ४ वटा विवरण आवश्यक पर्दछः

| भन्सार कार्यालयको कोड | प्रज्ञापनपत्र दर्ता भएको वर्ष | प्रज्ञापनपत्रको सिरियल कोड | प्रज्ञापनपत्रको सिरियल नम्बर |
|---|---|---|---|
| उदाहरणका लागि TIA00, BRJ03, BRJ03, BRT01 etc | उदाहरणका लागि 2022, 2021 etc | पैठारी भएमा M निकासी भएमा X | उदाहरणका लागि 11200, 1203 etc |

३. विद्युतीय भुक्तानीको माध्यममा login गरी Department of Customs मा Click गरे पश्चात माथिका चार विवरण तपाईंले Entry गर्नु पर्ने हुन्छ।

४. माथिको विवरण राखेर भुक्तानीको लागि अगाडी बढ्दा उक्त उपकरणले भन्सारको AsycudaWorld प्रणालीसँग सम्पर्क गरी उक्त प्रज्ञापनपत्रको राजस्वको विवरण तथा पैठारीकर्ताको विवरण देखाउँछ। (तर यदि राजस्व भुक्तानी गर्न सकिने चरणमा प्रज्ञापनपत्र नपुगेको भएमा वा पहिला नै भुक्तानी भै सकेको भएमा सोही जानकारी देखाउँछ)

५. भुक्तानीकर्ताले पैठारीकर्ताको नाम तथा भुक्तानी हुने राजस्व जाँची ठीक भएमा भुक्तानी प्रक्रिया अगाडी बढाएपछि भुक्तानी सफल हुन्छ।

६. भुक्तानी सफल भएको जानकारी प्राप्त भएमा भन्सारमा रहेको बैङ्क शाखाबाट राजस्व भुक्तानीको रसिद प्राप्त गर्न सकिनेछ।

## भन्सारको राजस्वको विद्युतीय भुक्तानीको चरणहरू




## भन्सारको राजस्व विद्युतीय भुक्तानी गर्दा उपलब्ध विकल्पहरू




- एउटै प्रज्ञापन पत्रमा ३० करोडसम्म राजस्व दाखिला गर्न सकिने,
- दैनिक अधिकतम सीमा नरहेको

- एउटा बैंक खाताबाट यो उपकरणको प्रयोगबाट पटक पटक वा एकैपटक राजस्व भुक्तानी गर्दा दैनिक अधिकतम २० लाख राजस्व दाखिला गर्न सकिने
- एक भन्दा बढी बैंक खाताबाट भुक्तानी गर्दा थप त्यति नै सीमा बढ्ने

- पटक पटक वा एकै पटक राजस्व भुक्तानी गर्दा दैनिक अधिकतम २ लाख राजस्व दाखिला

- एक पटकमा २५,००० राजस्व भुक्तानी र तोकिएको अधिकतम दैनिक सीमासम्म

## थप जानकारी

- कुनै एउटा भुक्तानीको उपकरणबाट एकवटा बैङ्क खाताको प्रयोग गर्दा माथि उल्लेख भएका सीमाहरु लागू हुन्छन् । एकभन्दा बढी बैङ्क खाताबाट भुक्तानी गर्दा थप त्यति नै सीमा बढ्ने तथा अलग अलग भुक्तानीका उपकरणहरु प्रयोग गर्दा समेत सीमा वृद्धी हुने ।
- CorporatePay तथा Bank Central मार्फत एउटै प्रज्ञापनपत्रमा ३० करोडसम्म राजस्व दाखिला गर्न सकिने र यसमा दैनिक अधिकतम सीमा नरहेको ।
- एकैपटकमा रू. २० लाखसम्मको भुक्तानी गर्दा भुक्तानीको जानकारी तत्काल प्राप्त हुने ।
- Bank Central मार्फत भन्सारमा राजस्व संकलन गर्ने बैङ्कके कुनै पनि अन्य शाखाहरुबाट राजस्व भुक्तानी गर्दा रू. १ करोडसम्म तत्काल राजस्व भुक्तानीको जानकारी प्राप्त हुने ।
- ConnectIPS को वेभ पोर्टल, CororatePay तथा Bank Central मार्फत राजस्व भुक्तानी गर्ने व्यवस्था सुरु भइ सकेको
- ConnectIPS ले आफ्नो एप मार्फत भन्सार राजस्व जम्मा गर्न सकिने प्रणाली चाँडै सुचारु गर्ने ।
- वित्तीय संस्थाहरुले आफ्नो इन्टरनेट बैंकिङ्ग तथा मोबाइल बैंकिङ्गबाट भन्सार राजस्व जम्मा गर्न सकिने प्रणाली विकास गरी चाँडै प्रयोगमा ल्याउने ।
- Digital Wallet हरु मार्फत भुक्तानीको लागि Wallet प्रदायकहरुले प्रणाली विकासको कार्य गर्दै जाने ।
- हालको लागि विद्युतीय माधयमबाट राजस्व भुक्तानी गर्दा भन्सार कोष खातामा जम्मा गर्ने गरी प्रणाली विकास गरिएको छ। तथापी, भन्सार विभागले यथाशिघ्र विद्युतीय माध्यमबाट सोभै RMIS मार्फत केन्द्रीय राजस्व खातामा जम्मा गर्ने गरी प्रणाली विकासको कार्य अगाडी बढाएको छ।
- विद्युत्तीय भुक्तानी प्रणाली सुरुवात भएपश्चात् वित्तीय संस्थाहरुले भन्सार कार्यालयको नाममा Goods for Payment तथा धरौटी चेक जारी नगर्ने भएता पनि माघ १२ गते सम्म जारी भएको चेकहरुबाट राजस्व भुक्तानी गर्न सकिनेछ।